# आपूर्ति व्यवस्थाको हालको स्थिति

## (२०७७ साउन ३२)

### १. खाद्य पदार्थको मौज्दात पर्याप्त रहेको छ।

| खाद्यपदार्थ | | खाद्य व्यवस्था तथा व्यापार कम्पनी | साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड | निजी क्षेत्र | जम्मा |
|---|---|---|---|---|---|
| चामल (मे. टन) | जम्मा | १०,२३९ | - | ८५,००० | ९५,२३९ |
| | दुर्गम जिल्ला | २,५२९ | - | | |
| नून (मे. टन) | जम्मा | - | १,३५,१९४ | - | १,३५,१९४ |
| | दुर्गम जिल्ला | - | २,४०० | - | |
| चिनी (मे. टन) | | | ९४७ | १५,००० | १५,९४७ |
| फापर (क्वीन्टल) | | ५८ | - | - | ५८ |
| गहुँ | | ४६५ | - | - | ४६५ |
| दाल तथा गेडागुडी (मे. टन) | | ५२ | - | २०,००० | २०,०५२ |
| खाने तेल (मे. टन) | | - | - | ७५,४५० | ७५,४५० |

### २. खाद्य पदार्थको आयात भइरहेको छ।

- साउन २८ गते ८,८३८ मेट्रिक टन खाद्यान्न, ७४४ मेट्रिक टन दलहन, १,१५६ मेट्रिक टन तरकारी, ३३८ मेट्रिक टन फलफूल, ४ मेट्रिक टन दुग्धजन्य पदार्थ, रु. २,८१,४७,००० बराबरको औषधीको कच्चापदार्थ र रु. ४९,५७,००० बराबरको तयारी औषधी आयात भएको छ। तलको तालिकामा आयातको परिमाण देखाइएको छ।

| मिति | खाद्यान्न (मे.टन) | दलहन (मे.टन) | तरकारी (मे.टन) | फलफूल (मे.टन) | दुग्धजन्य (मे.टन) | औषधी कच्चापदार्थ (रु. '०००) | तयारी औषधी (रु. '०००) |
|---|---|---|---|---|---|---|---|
| चैत महिना (११-३०) | ४६,८३१ | १६,१९२ | २६,०९० | ६,५२८ | ८० | १२,७७,५७ | ६९,०१,१६ |
| बैशाख महिना (१-३१) | १,२०,४४४ | २८,३८१ | ३८,६६६ | १७,५७३ | ११,०५० | ४३,४१,४५ | १,९२,४८,८१ |
| जेठ महिना (१-३२) | १,४५,६०६ | ३३,६५४ | ३४,६१७ | १५,३४७ | १,१८१ | ७७,४७,१५ | १,९५,७९,९६ |
| असार (१-३१) | १,७१,९०० | ३९,७२६ | ३५,९१४ | १०,८९७ | २७८ | १,००,५३,७२ | २,२५,२८,८३ |
| साउन (१-२८) | १,७७,९५८ | १९,१४३ | ४६,९२० | १८,१२७ | १९६ | ४८,३५,९१ | १,७८,९९,३० |
| कुल जम्मा | ६,६२,७३९ | १,३७,०९६ | १,८२,२०७ | ६८,४७२ | १२,७८५ | २,८२,५५,८० | ८,६१,५८,०६ |

- लकडाउन शुरु भएपछि २०७६ चैत ११ देखि २०७७ साउन २८ सम्मको १४२ दिनमा ६,६२,७३९ मेट्रिक टन खाद्यान्न, १,३७,०९६ मेट्रिक टन दलहन, १,८२,२०७ मेट्रिक टन तरकारी, ६८,४७२ मेट्रिक टन

फलफूल, १२,७८५ मेट्रिक टन दुग्धजन्य पदार्थ, रु. २,८२,५५,८०,००० बराबरको औषधीको कच्चापदार्थ र रु. ८,६१,५८,०६,००० बराबरको तयारी औषधी आयात भएको छ।

- मासिक रूपमा हेर्दा चैतदेखि साउनसम्म आयात क्रमश: बढ्दै गएको छ। यसमध्ये खाद्यान्न साउन महिनामा, दाल तथा गेडागुडी असारमा, तरकारी तथा फलफूल साउनमा, दुग्धजन्य पदार्थ बैशाखमा, औषधीको कच्चापदार्थ असारमा र तयारी औषधी जेठमा सबैभन्दा बढी आयात भएको छ।

## समग्र आपूर्ति स्थिति

### खाद्यान्न

- खाद्यान्नको आपूर्ति स्थिति सन्तोषजनक छ। हालै खाद्य व्यवस्था तथा व्यापर कम्पनीले बजारबाट १०,००० मेट्रिक टन चामल खरिद गरेकाले यसको मौज्दात अझ बढेको छ।

- आन्तरिक उत्पादनलाई बजारसम्म ल्याउन सहजीकरण गरिएको र आयात पनि भइरहेकाले कुनै पनि स्थानमा खाद्यान्नको अभाव छैन। दुर्गमका जिल्लाहरूमा समेत खाद्यान्नको मौज्दात रहेको छ। हाल खाद्य व्यवस्था तथा व्यापार कम्पनीका दुर्गमका जिल्लाहरूमा रहेका डिपोहरूमा २,५२९ मेट्रिक टन खाद्यान्न मौज्दात रहेको छ, जुन विगतका वर्षहरूका तुलनामा अधिक नै हो। तर दुर्गमका केही स्थान विशेषमा चामलको अभाव देखिएकाले जिल्ला सदरमुकामबाट र आवश्यक परेको अवस्थामा अन्यत्रबाट समेत छिटो साधनद्वारा चामल आपूर्ति गरिएको छ।

- खाद्य व्यवस्था तथा व्यापर कम्पनीले हालको प्राकृतिक प्रकोपबाट प्रभावित स्थानहरूमा छिटो साधनद्वारा खाद्यान्न आपूर्ति गरेको छ। यसबीचमा बझाङ, सिन्धुपाल्चोकमा खाद्यान्न पठाइएको छ भने दार्चुलाको छाङ्रुमा समेत खाद्यान्न ढुवानी गरिएको छ।

- बजारमा खाद्यान्नको मूल्यमा खासै वृद्धि भएको छैन। दाल तथा गेडागुडीमा केही मूल्यवृद्धि भएको देखिएता पनि बजार अनुगमनलाई तीव्र पारी मूल्य स्थिर राख्ने प्रयास गरिएको छ।

### तरकारी तथा फलफूल

- जेठ महिनाको दोस्रो हप्तामा आयातीत तरकारी र फलफूलको उपभोग नगर्ने भनी केही भन्सार नाकाहरूमा भएको अवरोधले गर्दा आयातमा कमी आएको थियो। त्यसैगरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले कृषि तथा पशुपन्छी मन्त्रालय, कृषि सहकारीहरू र स्थानीय तहसँग समेत समन्वय गरी

काठमाडौं उपत्यका नजिकका कृषकहरूबाट तरकारी बजारसम्म ल्याउन सहजीकरण गरेका कारण आयात कम हुन गएको थियो। तथापि बजारमा तरकारी तथा फलफूलको खासै अभाव भएन।

- असारको अन्तिम सातादेखि साउनको तेस्रो सातासम्म तरकारी तथा फलफूलको मूल्यमा वृद्धि भएको भएता पनि हाल मूल्य घट्न थालेको छ। विशेषगरी बाढीपहिरोका कारण ठाउँ ठाउँमा सडक अवरुद्ध भएकोले किसानको उत्पादनलाई बजारसम्म ल्याउन नसकिएको एवम् आयातीत तरकारी तथ फलफूल पनि गन्तव्यसम्म पुऱ्याउन केही कठिन भएकाले तरकारी तथा फलफूलको मूल्यवृद्धि भएको थियो। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सम्बद्ध निकायहरूसँग समन्वय गरी यसमा सहजीकरण गरेका कारण आपूर्ति व्यवस्था भने आम रूपमा सहज नै भयो। हाल तरकारी तथा फलफूलको आपूर्ति सुचारु हुनुका साथै मूल्यमा समेत गिरावट आएको छ।

**दुग्धजन्य पदार्थ**

- नेपाल दुग्धजन्य पदार्थमा क्रमश: आत्मनिर्भर बन्दै गएता पनि आपूर्ति श्रृंखला सबल बनाउन नसकिएकाले केही स्थानमा अभाव हुने भएको हुँदा आयात गरिरहनु परेको छ। यसले आपूर्ति व्यवस्था सहज बनाउन त सहयोग गरेको छ तर समयसमयमा नेपाली उत्पादकहरू निरुत्साहित हुने गरेका छन् तथापि यसको आपूर्ति श्रृंखला सबल बनाउन सकियो भने उपभोक्ता र उत्पादक दुवै फाइदामा रहने देखिन्छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यसका लागि आवश्यक समन्वय र सहजीकरण गरिरहेको छ।

**औषधी तथा औषधीको कच्चापदार्थ**

- हाल नेपालमा औषधीको आपूर्ति व्यवस्था सामान्य छ। कोभिड-१९ को शुरुवाती चरणमा भारतले केही औषधीको कच्चापदार्थ निर्यातमा रोक लगाएको भएता पनि नेपालको प्रयास समेतका कारणले हाल कुनै पनि कच्चापदार्थको अभाव छैन। चीन तर्फबाट समेत औषधीको कच्चापदार्थ आयात भइरहेकाले यसमा समस्या छैन।

- भारतले भेन्टिलेटरको निर्यातमा प्रतिबन्ध लगाएका कारण केही अभाव रहने देखिन्छ। यस सम्बन्धमा भारतसँग औपचारिक अनौपचारिक पहलहरू गरिएको छ।

- कोभिड-१९ को शुरुका दिनहरूमा सर्जिकल तथा एन ९५ मास्कको अभाव भएको भएता पनि हाल नेपालमा यसको पर्याप्त उत्पादन भएका कारण समस्या छैन। एन ९५ मास्कको उत्पादनमा वृद्धि भएकाले

बजार मूल्यमा भारी गिरावट आएको छ। तर सर्जिकल मास्कको मूल्य भने स्थान विशेषमा केही फरक रहेकाले अनुगमनलाई तीव्र पारिएको छ।

- फेशनेबल मास्क बाहेक सर्जिकल र एन ९५ मास्कको निर्यात अनौपचारिक रूपमा रोकिएको छ। उत्पादन वृद्धि भएसँगै उत्पादकहरूले यी मास्क पनि निर्यात गर्नका लागि सहजीकरण गर्न अनुरोध गरिरहेका छन्। उपलब्ध तथ्याङ्कको विश्लेषण गरी यसमा अग्रीम कारबाही गरिनेछ।

**नून तथा चिनी**

- हाल नेपालमा रहेको मौज्दातले करिब ९ महिनाको माग धान्न सक्दछ। तसर्थ नूनमा समस्या छैन।
- चिनीको मौज्दात केही कम भएता पनि साल्ट ट्रेडिङ लिमिटेड र खाद्य व्यवस्था तथा व्यापार कम्पनीले ३० हजार मेट्रिक टन चिनी आयात गर्ने प्रक्रिया शुरु गरिसकेकाले यसमा समस्या आउने छैन। साथै निजी क्षेत्रले पनि चिनी आयात गरेकाले आपूर्तिमा खासै समस्या पर्ने देखिएको छैन।

**इन्धन (पेट्रोलियम पदार्थ)**

- पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था सहज छ। आयातमा अवरोध छैन। साउन २८ गते मात्र १,०४० किलोलिटर डिजेल, ६१२ किलोलिटर पेट्रोल र खाना पकाउन ग्याँस ५०५ मेट्रिक टन आयात भएको छ। लकडाउन शुरु भएपछि साउन २८ गतेसम्म डिजेल ४,४२,४४२ किलोलिटर, पेट्रोल १,१७,७७५ किलोलिटर र खाना पकाउने ग्याँस १,५२,१४३ मेट्रिक टन आयात भएको छ।
- अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा वृद्धि हुन थालेकाले सोको असर नेपालमा पनि परेको छ। नेपाल आयल निगमले स्वचालित मूल्य प्रणाली अनुरूप मूल्य समायोजन गरेकाले मूल्यमा सामान्य वृद्धि भएता पनि लकडाउन शुरु हुनु अगाडिको मूल्य भन्दा कम नै रहेको छ।
- निगमको भैरहवा डिपो र पेट्रोल पम्पमा रहेका कर्मचारीहरूलाई संक्रमण भएकाले भैरहवाबाट पेट्रोलियम पदार्थको आपूर्ति बन्द गरिएको छ। सोबाट पर्न जाने पेट्रोलियम पदार्थको अभावलाई पूर्ति गर्न भैरहवाका लागि अमलेखगञ्जबाट ढुवानी गरी आपूर्ति व्यवस्थालाई सहज बनाइएको छ।
- हाल भैरहवाबाट हवाई उडान नहुने भएकाले हवाई इन्धन डिपो पनि बन्द नै गरिएको छ।

**कर्मचारीमा संक्रमण**

- नेपाल आयल निगमको भैरहवा डिपो र पेट्रोल पम्पमा कार्यरत केही कर्मचारीमा संक्रमण देखिएको छ। केन्द्रीय कार्यालयमा कार्यरत केही कर्मचारीको परिवारमा संक्रमण देखिएको छ। संक्रमितहरूलाई व्यवस्थापन गर्न निगमले टेकूस्थित भवनमा आइसोलेसन सेन्टर तयार गर्न शुरु गरेको छ।

- खाद्य व्यवस्था तथा व्यापार कम्पनीको थापाथलीस्थित बिक्रीकक्षका १ जना कर्मचारीमा संक्रमण देखिएको छ। यस कम्पनीले समेत काठमाडौं उपत्यकाभित्र कर्मचारीका लागि आइसोलेसन सेन्टर तयार गर्न शुरु गरेको छ।